# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३७) काठमाडौं, वैशाख १८ गते २०४४ साल (पूर्वातिरिक्ताङ्क ५(क)

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

निजामती सेवा (पच्चीसौं संशोधन) नियमावली २०४४

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (पच्चीसौं संशोधन) नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम १०.२ मा संशोधनः निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १०.२ को,–

(१) उप-नियम (२) मा रहेको "त्यस उपरको" भन्ने शब्दहरूको सट्टा "नियम १०.१ को खण्ड (५) र (६) बमोजिमको सजाय बाहेक अन्य सजायको आदेश उपरको" भन्ने वाक्यांश राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) को देहायको चौथो महलमा रहेको "भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी वा ठहरिने गरी नोकरी-बाट हटाउने वा बर्खास्त गर्ने सजाय दिने अधिकारी" भन्ने वाक्यांश झिकिएको छ।

(३) उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) नियम १०.१ को खण्ड (५) र (६) बमोजिमको सजायको आदेश उपर ऐनको दफा ६ अन्तर्गत गठन भएको प्रशासकीय अदालतमा पुनरावेदन लाग्नेछ। त्यस्तो पुनरावेदनको सम्बन्धमा नियम १०.१२, १०.१३ र १०.१४ को व्यवस्था लागू हुनेछैन।"

३. मूल नियमावलीको नियम १०.३ मा संशोधनः मूल नियमावलीको नियम १०.३ मा रहेको "सजायको आदेश" भन्ने शब्दहरूको सट्टा "नियम १०.१ को खण्ड (५) र (६) बमोजिमको सजाय बाहेक अन्य सजायको आदेश" भन्ने वाक्यांश राखिएको छ।

४. मूल नियमावलीमा नियम १०.१० क. थपः मूल नियमावलीको नियम १०.१० पछि देहायको नियम १०.१०क. थपिएको छ :–

"१०.१० क. परामर्श समितिः कुनै निजामती कर्मचारीलाई नियम १०.१ को खण्ड (५) र (६) बमोजिमको सजायको आदेश दिनु अघि सजाय दिने अधिकारीलाई निजले चाहेमा परामर्श दिनको लागि श्री ५ को सरकारले परामर्श समिति गठन गर्न सक्नेछ।"

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

### प्रशासकीय अदालत नियमावली, २०४४

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।